# मानसिक स्वास्थ्य प्रोफाइल
# गण्डकी प्रदेश
# २०८०

गण्डकी प्रदेश सरकार

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

**स्वास्थ्य निर्देशनालय**

पोखरा, नेपाल

# विषयसूची

खण्ड १: पृष्ठभूमि १

१.१ मानसिक स्वास्थ्य प्रोफाइल परिचय १

१.२ नेपालमा मानसिक स्वास्थ्यको विद्यमान अवस्था २

१.३ मानसिक स्वास्थ्यको विश्वव्यापी अवधारणा र नेपालमा रहेका विद्यमान संवैधानिक, कानुनी र नीतिगत व्यवस्थाहरु ४

खण्ड २: गण्डकी प्रदेशमा मानसिक स्वास्थ्य ९

२.१ गण्डकी प्रदेशको संक्षिप्त परिचय ९

२.२ गण्डकी प्रदेशको स्वास्थ्य संरचना ९

२.३ गण्डकी प्रदेशमा मानसिक तथा मनोसामाजिक समस्याहरुको अवस्था १०

२.४ गण्डकी प्रदेशमा मानसिक तथा मनोसामाजिक स्वास्थ्यसँग सम्बन्धित मुख्य सरोकारवाला निकायहरुको भूमिका १३

२.५ गण्डकी प्रदेशमा मानसिक तथा मनोसामाजिक स्वास्थ्यसँग सम्बन्धित उपलब्ध सेवा केन्द्रहरुको विवरण १६

२.६ गण्डकी प्रदेशमा उपलब्ध स्वास्थ्य जनशक्ति १८

२.७ गण्डकी प्रदेशमा मानसिक स्वास्थ्य एवं मनोसामाजिक स्वास्थ्यको क्षेत्रमा संचालित कार्यक्रमहरुको विवरण १९

२.८ प्रदेशमा मानसिक स्वास्थ्यको क्षेत्रमा बिनियोजित बजेट २२

२.९ गण्डकी प्रदेशमा स्थानीय तहहरुमा उपलब्ध सेवा र मानसिक स्वास्थ्यको क्षेत्रमा भए गरेका क्रियाकलापहरु २३

खण्ड ३ : गण्डकी प्रदेशमा मानसिक स्वास्थ्यको क्षेत्रमा हालसम्मका उपलब्धी, समस्या र चुनौतिहरु २७

३.१ हालसम्मका प्रयास र उपलब्धीहरु २७

३.२ प्रमुख समस्याहरु २८

३.३ प्रमुख चुनौतिहरु २९

खण्ड ४: निष्कर्ष र आगामी कार्यदिशा ३०

४.१ निष्कर्ष ३०

४.२ आगामी कार्यदिशा ३१

खण्ड ५: सन्दर्भ सामाग्रीहरु ३२

अनुसुचीहरु ३३

अनुसूची १: मानसिक स्वास्थ्यसँग सम्बन्धित तथ्यांक संकलन गरिएका संघ संस्था र सेवा प्रदायक संस्थाहरुको सम्पर्क विवरण ३३

अनुसूची २: प्रदेशमा कार्यरत मनोचिकित्सक, मनोविद तथा मनोविमर्शकर्ताहरुको विवरण ३७

अनुसुचि ३: प्रदेशमा उपलब्ध मानसिक स्वास्थ्य जनशक्ति ४१

अनुसुचि ४ : गण्डकी प्रदेशको स्वास्थ्य क्षेत्रमा अर्न्तगतका कार्यालयहरुको गत तीन आ.ब.मा विनियोजित बजेट ४३

अनुसूची ५ : हालसम्म मानसिक स्वास्थ्यको तालिम लिने जिल्लागत जनशक्ति विवरण ( २०८०/०२/०५) ४७

अनुसूची ६: गैरसरकारी क्षेत्रका संघ संस्थाहरु मार्फत सञ्चालित मानसिक स्वास्थ्य कार्यक्रमहरुको संक्षिप्त विवरण ४८

अनुसूची ७ : निजी क्षेत्रबाट मानसिक स्वास्थ्यको क्षेत्रमा संचालित क्रियाकलापहरु ५१

अनुसूची ८ : मानसिक स्वास्थ्य प्रोफाइल तयारीमा प्रयोग गरिएको तथ्यांक संकलन फाराम ५३

# खण्ड १: पृष्ठभूमि

## १.१ मानसिक स्वास्थ्य प्रोफाइल परिचय

### पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने र स्वास्थ्य सेवामा समान पहुँच हुने हकको व्यवस्था गरेको छ। जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा मानसिक स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवाहरुको सूचीमा समावेश गरिएको छ। जनस्वास्थ्य सेवा नियमावली, २०७७ को अनुसूची १ र २ मा पनि मानसिक स्वास्थ्य समस्याहरुलाई क्रमशः आधारभूत र आकस्मिक स्वास्थ्य सेवामा समावेश गर्दै संघ, प्रदेश र स्थानीयस्तरबाट उपलब्ध गराउने व्यवस्था गरेको छ। प्रादेशिक र स्थानीयस्तरमा मानसिक स्वास्थ्य सम्बन्धी उपयुक्त र यथेष्ट तथ्यांक नहुँदा सम्बन्धित विषयमा योजना तर्जुमा गर्न असहज स्थिति रहेको छ। प्रादेशिकस्तर तथा स्थानीयस्तरमा मानसिक स्वास्थ्य नीति, रणनीति तथा योजनाहरु तयार भइरहेका छन्। यसै सन्दर्भमा गण्डकी प्रदेशको यथार्थ वस्तुस्थिति विवरण संकलन र विश्लेषण गरी भावी नीति तथा योजनाहरुको ठोस आधार तयार पार्नका लागि यो वस्तुस्थिति विवरण तयार गरिएको हो।

प्रोफाइमा मुख्यरुपमा प्रदेशको मानसिक स्वास्थ्य प्रणालीसँग सम्बन्धित प्रकाशित तथ्यांक र विवरणहरु, प्रदेशको स्वास्थ्य संरचना, उपलब्ध सेवाहरु, सरकारी, गैरसरकारी र नीजि क्षेत्रबाट संचालित सेवा केन्द्रहरु, मानसिक स्वास्थ्य कार्यक्रमहरु, मानसिक तथा मनोसामाजिक स्वास्थ्यको क्षेत्रमा बिनियोजित बजेट र मानसिक स्वास्थ्यको क्षेत्रमा कार्यरत नीति निर्माता, व्यवस्थापक तथा सेवाप्रदायकहरुले सेवा प्रदान गर्ने क्रममा भोगेका समस्या र चुनौतिहरु र भावी कार्यदिशा समेटिएको छ।

### उद्देश्य

यस मानसिक स्वास्थ्य प्रोफाइलको प्रमुख उद्देश्य प्रदेशस्तरमा हालको मानसिक स्वास्थ्यको अवस्था संकलन तथा विश्लेषण गरी भावी नीति, रणनीति र कार्ययोजनाहरु तयारी र कार्यान्वयनमा मार्गनिर्देशन गर्नु रहेको छ। मानसिक स्वास्थ्य प्रोफाइलका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन्।

- प्रदेशभित्रको हालको मानसिक स्वास्थ्यको अवस्थाको लेखाजोखा गर्ने।
- प्रदेशमा उपलब्ध मानसिक स्वास्थ्य सेवा प्रदायक अस्पतालहरु, सेवा केन्द्रहरु, कार्यरत जनशक्ति र मानसिक स्वास्थ्यका क्षेत्रमा कार्यरत सरोकारवाला सरकारी तथा गैरसरकारी संस्थाहरुको विवरण संकलन गर्ने।
- प्रदेशस्तरमा मानसिक स्वास्थ्यको क्षेत्रमा देखिएका मुख्य समस्या र चुनौतिहरुको विश्लेषण गरी सुधार गर्नुपर्ने क्षेत्रहरु पत्ता लगाउने।
- मानसिक स्वास्थ्य सम्बन्धी नीति, रणनीति, योजना तथा कार्यक्रमहरुको तर्जुमाका लागि आधार तयार गर्ने।

### सुचना संकलनको विधि र प्रक्रिया

मानसिक स्वास्थ्य प्रोफाइल स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको नेतृत्वमा गठित कार्यदल र कोशिश, मानसिक स्वास्थ्य स्वाबलम्बन संगठनको प्राविधिक सहयोगमा तयार गरिएको हो । प्रथम तथा विभिन्न श्रोतहरुबाट उपलब्ध द्धितिय तथ्यांकका आधारमा यो प्रोफाइल तयार गरिएको छ । प्रोफाइलको खाका र तथ्यांक संकलन फारामहरु कार्यदल तथा प्रमुख सरोकारवाला संघसंस्थाहरु (कोशिस, टिपिओ नेपाल, सामी परियोजना, गण्डकी मेडिकल कलेज) मा कार्यरत विषय विज्ञहरुसँगको छलफल र पृष्ठपोषणबाट तयार गरिएको थियो । तथ्यांक संकलनका लागि आवश्यक सहजीकरणका लागि पत्राचारस्वास्थ्य निर्देशनालयले गरेको थियो भने फिल्डमा तथ्यांक संकलन स्वास्थ्य निर्देशनालयका कर्मचारीहरु, जिल्लास्थित स्वास्थ्य कार्यालयहरु र जिल्ला अस्पतालका कर्मचारीहरु, स्थानीय तह,मानसिक स्वास्थ्यको क्षेत्रमा कार्यरत गैरसरकारी संघसंस्थाहरु (कोशिश, सामी परियोजना) मा आबद्ध कर्मचारीहरु र स्वयमसेवकहरु मार्फत गरिएको थियो । तथ्यांक संकलनकर्ताहरुलाई तथ्यांक संकलन फारामबारे अभिमुखिकरण गरिएको थियो । तथ्यांक संकलनका क्रममा प्रदेश स्वास्थ्य निर्देशनालय, स्वास्थ्य तालिम केन्द्र, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, प्रदेश प्रहरी निर्देशनालय, प्रदेश मातहतका प्रादेशिक तथा जिल्ला अस्पताल तथा जिल्लास्थित स्वास्थ्य कार्यालयहरु, केही प्रतिनिधि स्थानीय तहहरु, निजी अस्पतालहरु, गैरसरकारी संघ संस्थाहरु र अन्य सरोकारवाला कार्यालयहरुमा पुगी अन्तवार्ता, प्रत्यक्ष स्थलगत अवलोकन र कतिपय अवस्थामा पत्र, इमेल र टेलिफोन मार्फत विवरणहरु संकलन गरिएको थियो (अनुसुचि १) । सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय एवं स्वास्थ्य निर्देशनालयका आधिकारीक पोर्टलहरुमा उपलब्ध जानकारीहरु र यस क्षेत्रमा कार्यरत अन्य गैरसरकारी संघ संस्थाहरुबाट प्रकाशित सामग्रीहरुलाई सन्दर्भ सामग्रीको रुपमा प्रयोग गरिएको छ ।

### सिमाहरु

प्रादेशिक स्तरमा मानसिक स्वास्थ्य सम्बन्धी अध्ययनमा आधारित प्रकाशित सामग्रीहरुको उपलब्धतामा कमी देखिएको छ जसले गर्दा प्रदेशको मानसिक स्वास्थ्य स्थिति झल्काउने पर्याप्त सूचनाहरु प्राप्त गर्न सकिएन ।प्रथम तथ्यांक संकलनको क्रममा प्रदेशस्तर, प्रदेश मातहतका जिल्लाहरु र प्रतिनिधित्वको रुपमा केही पालिकाहरुबाट संकलित विवरणलाई मानसिक स्वास्थ्य प्रोफाइलमा समेटिएको छ । प्रदेश अर्न्तगत संचालित केही निजी क्षेत्रका अस्पतालहरुलाई पनि प्रतिनिधित्वकारुपमा समेटिएको छ । प्रोफाइल मुख्यरुपमा प्रदेशको स्वास्थ्य प्रणालीसँग सम्बन्धित जानकारीहरुमा केन्द्रित छ ।

## १.२ नेपालमा मानसिक स्वास्थ्यको विद्यमान अवस्था

मानसिक स्वास्थ्य भन्नाले कुनै व्यक्तिको त्यस्तो अवस्था हो जब व्यक्तिले आफ्नो क्षमतालाई पहिचान गर्न, जीवनका सामान्य तनाव सामना गर्न तथा उत्पादनशिल र लाभदायी तवरले काम गर्न र समुदायमा केही योगदान गर्न सक्षम हुन्छ । व्यक्तिको मन र सामाजिक गतिविधि तालमेल नमिल्दा व्यक्तिको सोचाई, भावना, व्यवहारमा चोट पुग्नु नै मनोसामाजिक समस्या हो । दुई वा दुईभन्दा बढी

हप्तासम्म लगातार समस्याको अनुभव गरिरहेमा, अस्वाभाविक व्यवहार देखाएमा  मानसिक स्वास्थ्य समस्या हुनसक्छ । मस्तिष्क र मानसिक अङ्गहरुमा आएको समस्या, चेतना, स्फूर्ति, स्मरणशक्ति, भाषा, गणनाजस्ता बौद्धिक कार्य सम्पादनका क्रममा आउने समस्याका कारण उमेर र परिस्थिति अनुसार व्यवहार गर्न नसक्नु तथा बौद्धिक सिकाइमा ढिला हुनुलाई मानसिक अपाङ्गता मानिन्छ (विश्व स्वास्थ्य संगठन) ।

राष्ट्रिय मानसिक स्वास्थ्य सर्वेक्षण नेपाल, २०७७ अनुसार नेपालमा १८ बर्षभन्दा माथिका १० प्रतिशत व्यक्तिहरुमा आफ्नो जीवनकालमा मानसिक स्वास्थ्य समस्या देखिएको छ भने सर्वेक्षणको अवधिमा ४ प्रतिशत व्यक्तिहरु मानसिक स्वास्थ्य समस्याबाट ग्रसित रहेका छन् । जसमा ३ प्रतिशतमा चिन्ताजन्य समस्या, २.९ प्रतिशतमा डिप्रेसन, ०.२ प्रतिशतमा साइकोसिस र ७.२ प्रतिशतमा आत्महत्या सम्बन्धी सोचको अवस्था देखिएको छ । यस्तै हाल करिब ४ प्रतिशत किशोरकिशोरीहरुमा आत्महत्याको विचार आउने गरेको देखिएको छ भने ०.७ प्रतिशत किशोरकिशोरीहरुले आफ्नो जीवनकालमा आत्महत्याको प्रयास गरेको भेटिएको छ (राष्ट्रिय मानसिक स्वास्थ्य सर्वेक्षण नेपाल, २०७७) ।

नेपाल प्रहरीको तथ्यांक, २०७९ अनुसार नेपालमा हरेक दिन सरदर १९ जनाले आत्महत्या गरेको पाइन्छ । नेपालमा ६८३० जनाले आर्थिक वर्ष २०७८।७९ मा आत्महत्याका कारण ज्यान गुमाएका छन् जुन अघिल्लो आ.ब. २०७७।७८ भन्दा ४.३५% ले कम रहेको छ । जसमध्ये पुरुष ५६%, महिला ३३%, किशोरी ७% र किशोर ४% रहेका छन् ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषदले प्रकाशित गरेको एक अध्ययन अनुसार नेपालमा अशक्तताको कारणले गुमेको स्वस्थ जीवन (Years of Life Lost due to Disabilities) को लगभग १६ प्रतिशत मानसिक स्वास्थ्य समस्याहरुले ओगटेको छ जुन नेपालमा अशक्तताको कारणले गुमेको स्वस्थ जीवनको दोश्रो प्रमुख कारण हो । यस्तै अपांगता समायोजित जीवन वर्ष (Disability adjusted life years) को लगभग ५ प्रतिशत अंश मानसिक स्वास्थ्यले समेटेको छ । (Nepal Burden of disease, 2019)

राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति, २०७७ मा उल्लेख भएबमोजिम नेपालमा कुल नसर्ने रोगको समस्या मध्ये १८ प्रतिशत मानसिक रोगले ओगटेको छ । अपाङ्गता गराउने प्रमुख १० कारकहरु मध्ये ४ वटा मानसिक स्वास्थ्य समस्या नै पर्दछन् । सो रणनीतिमा उल्लेख भए अनुसार नेपालमा सबै खालका अस्पतालमा गरी जम्मा ४४० शैयाहरु मात्र छुट्याइएको छ । हालको अवस्थामा नेपालमा २०० जना मनोचिकित्सक, ३५ जना चिकित्सा मनोविद, ८५ जना साइकियाट्रिक नर्स, २०० जना मनोविद, ८०० जना तालिमप्राप्त मनोपरामर्शकर्ता र केही संख्यामा तालिम प्राप्त मनोसामाजिक कार्यकर्ता कार्यरत रहेका छन् । चिकित्सा मनोविद, मनोविद, तालिमप्राप्त परामर्शकर्ता र सामाजिक कार्यकर्ताको संख्या अत्यन्त न्यून भएकोले व्यक्तिको मनोसामाजिक अवस्था विश्लेषण गरी त्यही अनुसार मनोसामाजिक सेवा प्रदान गर्न सकिएको छैन । मानसिक स्वास्थ्यको क्षेत्रमा केही गैरसरकारी सरकारी संस्थाहरुले मानसिक स्वास्थ्य र मनोसामाजिक सेवा प्रदान गरेको भएपनि ती सेवाहरुलाई अझै भरपर्दो, व्यापक र व्यवस्थित बनाउनु पर्ने चुनौतिहरु पनि रहेको छ ।

कडा किसिमको मानसिक समस्या देखापरेका कतिपय व्यक्तिहरु घरमा नै थुनिएर बाँधिएर रहने, सडकमा भौतारिएर हिड्ने गरेको देखिन्छ भने उपचारपछि समाजमा पुर्नस्थापित गर्न पनि उत्तिकै चुनौति रहेको छ । अझैपनि समाजमा परम्परागत धामी, झाँक्री, देवी देवताको भाकल मार्फत उपचार

गर्ने र भेदभाव, लाञ्छना, गलत धारणाहरुको कारण स्वास्थ्य सेवा लिन नआउने अवस्था रहेको छ । मानसिक समस्याको कारणले उत्पादकत्वमा आउने ह्रासका कारणले परिवार, समाज र राष्ट्रले ठुलो नोक्सानी बेहोर्नु परिरहेको छ । डिप्रेसन र चिन्ताजन्य समस्याहरुको उपचारमा रु १ खर्च गर्दा रु ४ को प्रतिफल प्राप्त हुने विभिन्न अध्ययनहरुले देखाएका छन् (राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति, २०७७)।

## १.३ मानसिक स्वास्थ्यको विश्वव्यापी अवधारणा र नेपालमा रहेका विद्यमान संवैधानिक, कानुनी र नीतिगत व्यवस्थाहरु

**दीगो विकास लक्ष्य, २०१६-२०३०**

मानसिक स्वास्थ्यको प्रवर्द्धन गर्ने, नसर्ने रोगहरुबाट हुने मृत्युदरलाई एक तिहाइले कम गर्ने, आत्महत्याबाट हुने मृत्युदरलाई कम गर्ने तथा मदिराजन्य तथा कडा खालका लागू पदार्थहरुको प्रयोग सम्बन्धमा रोकथाम, उपचार र पुनस्थापना गर्ने लक्ष्यहरु समावेश भएको ।

**नेपालको संविधानमा मानसिक स्वास्थ्यसँग सम्बन्धित व्यवस्थाहरु**

**स्वास्थ्य सम्बन्धी हक (धारा ३५)**

१. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन ।

२. प्रत्येक नागरिकलाई आफ्नो स्वास्थ्य उपचार सम्बन्धमा जानकारी पाउने हक हुनेछ ।

३. प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ ।

४. प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी र सरसफाईमा पहुँचको हक हुनेछ ।

**सम्मानपूर्वक बाँच्न पाउने हक (धारा १६)**

१. प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ । यो व्यवस्थाले मानसिक स्वास्थ्य समस्या/मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुले पनि अन्य व्यक्ति सरह समान हक उपभोग गर्न पाउने अवस्थाको सुनिश्चित गरेको छ ।

**समानताको हक (धारा १८)**

१. सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।

२. सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, शारिरीक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति.वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।

**जनस्वास्थ्य सेवा ऐन, २०७५ को व्यवस्था**

परिच्छेद २ : सेवाग्राहीको अधिकार, कर्तव्य तथा स्वास्थ्य संस्थाको दायित्व

३. स्वास्थ्य सेवाको पहुँच र सुनिश्चितता :

(१) प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज र सर्वसुलभरुपमा प्राप्त गर्ने अधिकार हुनेछ ।

(४) प्रत्येक नागरिकलाई देहायका शिर्षक अन्तर्गतका तोकिए बमोजिमको आधारभूत स्वास्थ्य सेवाहरु निःशुल्क प्राप्त गर्ने हक हुनेछ । (ङ) मानसिक रोग सम्बन्धी सेवा

परिच्छेद ८ : कसुर र सजाय

५२. कसुर : कसैले देहाय बमोजिमका कार्य गरेमा यो ऐन अन्तर्गतको कसुर गरेको मानिनेछ ।

(ग) मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुलाई बाँधेर राख्ने वा खोरमा थुन्ने जस्ता कार्य गरी उपचार गरेमा

**जनस्वास्थ्य नियमावली ,२०७७ मा उल्लिखित व्यवस्था**

जनस्वास्थ्य सेवा नियमावली, २०७७ को (परिच्छेद २ स्वास्थ्य सेवा) दफा ३, आधारभूत स्वास्थ्य सेवा :

- जनस्वास्थ्य सेवा ऐनको दफा ३ को उपदफा ४ बमोजिमका शिर्षक अन्तर्गतका अनुसूची १ मा उल्लेख भएका आधारभूत स्वास्थ्य सेवाहरु प्रत्येक आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट तोकिएको स्वास्थ्य संस्थाबाट निशुल्क रुपमा प्रदान गरिनेछ ।
- अनुसूची १: आधारभूत स्वास्थ्य सेवा (५) मानसिक रोग सम्बन्धी सेवा

| | |
|---|---|
| मानसिक स्वास्थ्य समस्या (common mental health problems) | प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |
| मदिरा तथा लागू पदार्थ दूर्व्यसन (alcohol and substance abuse) | लागू पदार्थ दूर्व्यसन : प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण मदिरापानको लत (alcoholism/ dependency) को जाँच र प्रारम्भिक व्यवस्थापन, प्रेरणादायी अन्तरक्रिया (motivational interviewing), प्रेषण र परामर्श |

- अनुसूची २: आकस्मिक स्वास्थ्य सेवा (१२) मानसिक रोग सम्बन्धी सेवा

| | |
|---|---|
| मानसिक स्वास्थ्य सम्बन्धी | Acute Psychosis Alcohol Intoxication Alcohol withdrawal Syndrome Catatonic stupor Conversion Disorder Narcoleptic Malignant Syndrome Panic Attack Schizophrenia Suicidal attempt |

## राष्ट्रिय स्वास्थ्य नीति ,२०७६

## मानसिक स्वास्थ्यसँग सम्बन्धित नीति तथा रणनीतिहरु

| नीति | रणनीतिहरु |
|---|---|
| ६.१ सबै तहका स्वास्थ्य संस्थाहरुबाट तोकिए बमोजिमका निशुल्क आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ। | ○ आधारभूत स्वास्थ्य सेवाहरु स्वास्थ्य संस्थाहरुबाट निःशुल्क उपलब्ध गराइनेछ।<br>○ नेपाल सरकारले श्रोत साधन व्यवस्था गरी स्थानीय तहमार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहको व्यवस्था गर्नेछ। प्रदेश सरकार र स्थानीय तहले आवश्यकता अनुसार तोकिएका आधारभूत स्वास्थ्य सेवामा थप सेवाहरु समावेश गर्न सक्नेछन्। थप गरिएका सेवाहरुको व्ययभार सम्बन्धित सरकारले व्यहोर्नेछ।<br>○ आधारभूत स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन प्रदेश तथा स्थानीय तहबाट आवश्यकता अनुसार नीतिगत, कानुनी तथा संस्थागत व्यवस्था गरिनेछ। |
| ६.१७ मानसिक स्वास्थ्य, मुख, आँखा, नाक कान घाँटी स्वास्थ्य सेवा लगायतका उपचार सेवालाई विकास र विस्तार गरिनेछ। | ○ ज्ञान, सीप हस्तान्तरण तथा सीप मिश्रित सेवाको अवधारणामार्फत विशेष थप तालिम मार्फत मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवालाई प्राथमिक अस्पतालहरुमार्फत सबै नागरिकको पहुँच सुनिश्चित गरिनेछ। |

## गण्डकी प्रदेश स्वास्थ्य स्वास्थ्य नीति, २०७८

| नीति | रणनीतिहरु |
|---|---|
| ११.३ विशेषज्ञ र विशिष्टिकृत (मुटु, मृगौला, कलेजो, क्यान्सर र मानसिक रोग) स्वास्थ्य सेवाको विस्तार गरी गुणस्तरीय सेवामा सबैको पहुँच वृद्धि गर्दै लगिनेछ। | ○ प्रदेशस्तरका अस्पतालबाट विशेषज्ञ तथा विशिष्टिकृत सेवा विस्तार गर्नका लागि प्रदेशमा रहेका प्रतिष्ठान, मेडिकल कलेजहरु र निजी अस्पतालहरुसँग समन्वय र सहकार्य बढाउँदै लगिनेछ।<br>○ दूरचिकित्सा विधि मार्फत दुर्गममा रहेका स्वास्थ्य संस्था मार्फत विशेषज्ञ सेवाको पहुँच विस्तार गर्दै लगिनेछ।<br>○ विकट र पिछडिएका समूदायमा विशेषज्ञ घुम्ती सेवा मार्फत रोगको निदान, उपचार व्यवस्थापन गरिनेछ।<br>○ स्वास्थ्य संस्था, निजी तथा सामुदायिक अस्पतालहरुमा न्यूनतम सेवा मापदण्ड लागू गरिनेछ।<br>○ जनसंख्याको घनत्वको आधारमा अस्पतालको स्तरोन्नती गरी गुणस्तरीय स्वास्थ्य सेवा विस्तार गर्दै लगिनेछ।<br>○ प्रदेश अन्तर्गत सञ्चालित संस्थाहरुको स्वीकृत शैयाको आधारमा संगठन व्यवस्थापन सर्वेक्षण गरी मानव संसाधनको व्यवस्थापन गरिनेछ। |

| | |
|---|---|
| ११.१७ मानसिक रोग, नसर्ने रोग, जलवायु परिवर्तनद्वारा सिर्जित रोगको नियन्त्रण र उपचारका लागि प्राथमिकता दिइनेछ । | ○ जिल्ला अस्पतालमा मानसिक रोग र नसर्ने रोगको बहिरंग र अन्तरंग सेवा विस्तार गरिनेछ ।<br>○ शहरी क्षेत्रका आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुमा नसर्ने रोग र मानसिक रोगको प्रवर्द्धनात्मक, निदानात्मक, प्रतिकारात्मक र उपचारात्मक सेवा विस्तारका लागि स्थानीयस्तरको समन्वयमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ । |

**राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति र कार्ययोजना ,२०७७**

- आधारभूत मानसिक स्वास्थ्य सेवालाई प्राथमिक स्वास्थ्य सेवामा एकिकृत गर्दै निःशूल्क उपलब्धताको सुनिश्चितता गर्ने, विशिष्टिकृत मानसिक स्वास्थ्य सेवालाई सबैको सहज पहुँचमा पुर्‍याउने तथा सरकारी, गैरसरकारी तथा निजी क्षेत्र बीच प्रभावकारी साझेदारी, समन्वय र सहकार्य गर्ने ।

**स्थानीय सरकार संचालन ऐन, २०७४**

- निशुल्क आधारभूत स्वास्थ्य सेवा सबैलाई उपलब्ध गराउने स्थानीय सरकारको दायित्व
- अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक सुरक्षा स्थानीय सरकारको दायित्व

**मानसिक स्वास्थ्यसँग सम्बन्धित अन्य नीतिगत व्यवस्थाहरु**

- **राष्ट्रिय मानसिक नीति, २०५३:** मानसिक स्वास्थ्य सेवामा सबैको पहुँच बढाउने, जनशक्ति विकास, जनचेतना अभिवृद्दी, संस्थागत क्षमता विकास, बहुपक्षिय साझेदारीको अवधारणा सहितका रणनीति र कार्ययोजनाहरु निर्माण गर्ने ।
- **दोश्रो दीर्घकालीन स्वास्थ्य योजना, वि.सं २०५४-७४** : मानसिक स्वास्थ्यलाई २० वटा अति आवश्यकीय स्वास्थ्य सेवा अर्न्तगत समावेश गरी स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्दी गर्ने कार्यक्रमहरुको शुरुवात ।
- **मानसिक स्वास्थ्य सेवालाई प्राथमिक स्वास्थ्य सेवामा एकिकृत गरेर लैजाने निर्देशिका, २०६४:** स्वास्थ्यकर्मीहरुका लागि मानसिक स्वास्थ्य सम्बन्धी तालिम पुन सञ्चालन ।
- **नेपाल स्वास्थ्य क्षेत्र कार्यक्रम २ (२०६६-२०७१)** : नमुनाका रुपमा समुदायमा आधारित मानसिक स्वास्थ्य सम्बन्धी कार्यक्रम संचालन गर्ने उल्लेख ।
- **नेपाल स्वास्थ्य क्षेत्र रणनीति, २०७२-२०७७** : मानसिक स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवामा समावेश गरी मानसिक स्वास्थ्य प्रवर्द्धन गर्ने र सेवाको पहुँच बढाउने कार्यको निरन्तरता दिने ।
- **सामुदायिक मानसिक स्वास्थ्य स्याहार प्याकेज, नेपाल, २०७४** : मानसिक स्वास्थ्य सेवालाई प्राथमिक स्वास्थ्य सेवामा समावेश गरी एकिकृत ढंगले संचालनमा ल्याउने, स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्दी तालिम पाठ्यक्रम विकास गर्ने ।

- **अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धी, २००६:** नेपाल सरकारद्धारा २०१० मे महिनामा अनुमोदन परिच्छेद ७, स्वास्थ्य, पुनर्स्थापना, सामाजिक सुरक्षा तथा मनोरञ्जन सम्बन्धी व्यवस्था । मानसिक रोग र मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुको उपचार र पुनस्थापना अधिकारको सुनिश्चितता गर्ने राज्यको दायित्व
- **अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन, २०७४**: अपांगता भएका व्यक्तिहरुको वर्गिकरण गरी परिचयपत्रको व्यवस्था गरिएको । धारा ३५ मा मानसिक अपांगताभएका व्यक्तिहरुको लागि थप सेवासुविधा तोकिएको छ । उपधारा १ अनुसार नेपाल सरकारले मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई निज, निजको परिवारको सदस्य वा संरक्षकले छनौटगरेको सामुदायीक अस्पताल वा स्वास्थ्यकेन्द्रमा राखी उपचार गराउने व्यवस्था मलाउने छ । उपधारा २ अनुसार नेपाल सरकारले मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने औषधी र परामर्श सेवा निशूल्क उपलव्ध गराउने व्यवस्था रहेको छ । उपधारा ३ मा घर परिवारवाट उपेक्षित भएका मानसिक वा मनोसामाजिक समस्या भएका व्यक्तिलाई उपचार गरी पुर्नस्थापना गर्ने वा पारिवारिक पुर्नमिलन गराउने व्यवस्था मिलाउने उल्लेख छ ।

**मानसिक स्वास्थ्य ग्याप एक्सन प्रोग्राम, २००८**

- मानसिक स्वास्थ्य समस्या र सेवा उपलब्धतामा रहेको भिन्नता कम गर्ने
- गैरविशेषज्ञ स्वास्थ्य जनशक्तिको क्षमता विकास गर्ने

**नसर्ने रोगहरुको रोकथाम तथा उपचारका लागि बहुपक्षिय कार्ययोजना, २०१४- २०२०**

- मानसिक स्वास्थ्य कार्ययोजना समावेश भएको
- हालसम्मका उपलब्धी र अनुभवहरुको समिक्षा गर्दै संविधान, कानुन र राष्ट्रिय स्वास्थ्य नीतिहरु अनुरुप मानसिक स्वास्थ्यको ठोस रणनीति र कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने
- मानसिक स्वास्थ्यलाई प्राथमिक स्वास्थ्यमा एकिकृत गर्ने कार्ययोजना,

**१५ औं पञ्चवर्षिय योजना** (२०७६- २०८१)

मानसिक स्वास्थ्य सेवाको पहुँच सबै तहमा विस्तार गर्दै लैजाने ।

**प्रथम पञ्च वर्षीय योजना (२०७६/७७-२०८०/८१), गण्डकी प्रदेश**

मानसिक स्वास्थ्य सेवाको पहुँचलाई सबै तहमा विस्तार गर्दै लैजाने ।

# खण्ड २: गण्डकी प्रदेशमा मानसिक स्वास्थ्य

## २.१ गण्डकी प्रदेशको संक्षिप्त परिचय

नेपालको वर्तमान संविधान बमोजिम नेपाल संघिय लोकतान्त्रिक गणराज्य कायम भएपछि बनेका ७ प्रदेश मध्ये गण्डकी प्रदेश एक हो । साविकका धवलागिरी अञ्चलका ४ जिल्ला (मुस्ताङ, पर्वत, म्याग्दी, बाग्लुङ), गण्डकी अञ्चलका ६ जिल्ला (मनाङ, गोरखा, कास्की, लमजुङ, तनहुँ, स्याङ्जा ) र लुम्बिनी अञ्चलको नवलपरासी जिल्लाको बर्दघाट सुस्ता पुर्वको भुभाग समेटेर कुल ११ जिल्लाहरु सहितको गण्डकी प्रदेश कायम भएको छ । भौगोलिक हिसाबमा प्रदेश हिमाल, पहाड र तराइका भुभागहरुमा फैलिएको छ । गण्डकी प्रदेशमा १ महानगरपालिका, २६ नगरपालिका र ५८ गाउँपालिका गरी जम्मा ८५ स्थानीय तह रहेका छन् । यस प्रदेशमा प्रतिनिधी सभा निर्वाचनका लागि जम्मा १८ निर्वाचन क्षेत्र र प्रदेश सभा निर्वाचनका लागि जम्मा ३६ निर्वाचन क्षेत्रहरु रहेका छन् ।

**तालिका १ : गण्डकी प्रदेशको संक्षिप्त विवरण**

| सुचकहरु | तथ्यांक |
|---|---|
| क्षेत्रफल | २१९७४ वर्ग कि.मी.[1] |
| जम्मा परिवार | ६६२४८० |
| जम्मा जनसंख्या | २४६६४२७ (पुरुष ४७.४७ प्रतिशत, महिला ५२.५३ प्रतिशत ) |
| प्रति परिवारऔसत जनसंख्या | ३.७२ |
| जनघनत्व | ११५ प्रति वर्ग कि.मी. |
| लिङ्गीय अनुपात (प्रति १०० महिलामा) | ९०.३७ |
| फरक क्षमता भएका नागरिकहरुको प्रतिशत | ३.१ ( पुरुष ३.५ प्रतिशत, महिला २.८ प्रतिशत ) |
| विदेशमा अक्सर बसोबास गर्ने जनसंख्या | २८६५९३ (पुरुष ८३.७ प्रतिशत, महिला १६.३ प्रतिशत) |

*श्रोत : राष्ट्रिय जनगणना, २०७८*

## २.२ गण्डकी प्रदेशको स्वास्थ्य संरचना

प्रदेशको समग्र स्वास्थ्य क्षेत्रको नेतृत्वदायी भूमिकामा गण्डकी प्रदेश सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय रहेको छ । गण्डकी प्रदेश, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय मातहतमा स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, स्वास्थ्य तालिम केन्द्र, क्षयरोग उपचार केन्द्र र एक संक्रामक तथा सरुवारोग अस्पताल सञ्चालन छन् । स्वास्थ्य निर्देशनालयको वार्षिक प्रतिवेदन २०७९/८० अनुसार प्रदेशमा ११ स्वास्थ्य कार्यालय, प्रदेश सरकार मातहतका १२ अस्पताल र स्थानीय तह अर्न्तगतका ३४ अस्पताल सञ्चालनमा छन् । त्यस्तै २२ प्राथमिक स्वास्थ्य केन्द्र, ४८४ स्वास्थ्य चौकी, १०३ शहरी स्वास्थ्य केन्द्र, १५५ सामुदायिक स्वास्थ्य इकाई, २०८ आधारभूत स्वास्थ्य सेवा केन्द्र, २ आयुर्वेद औषधालय (गण्डकी र धौलागिरी), ९ जिल्ला

आयुर्वेद स्वास्थ्य केन्द्र, ५५ आयुर्वेद औषधालय (स्थानीय तह अर्न्तगत) समेत सञ्चालित छन् । प्रदेश अर्न्तगतका अस्पताल र स्वास्थ्य सेवा केन्द्रहरुबाट प्रबर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक र पुनस्थापनात्मक सेवाहरु प्रदान गरिएको छ ।

प्रदेशमा संघिय सरकार अर्न्तगतका दुई अस्पताल (पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान र जी पी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र), मेडिकल कलेजहरु (मणिपाल शिक्षण अस्पताल र गण्डकी मेडिकल कलेज) र निजी क्षेत्रबाट संचालित अस्पताल, नर्सिङ होम, स्वास्थ्य क्लिनिक तथा औषधी पसलहरु संचालनमा रहेका छन् । यस्तै प्रदेशस्तरमा विभिन्न गैरसरकारी सघसंस्थाहरुले स्वास्थ्य क्षेत्रमा सेवा दिइरहेका छन् ।

## २.३ गण्डकी प्रदेशमा मानसिक तथा मनोसामाजिक समस्याहरुको अवस्था

राष्ट्रिय मानसिक स्वास्थ्य सर्वेक्षण २०७७ अनुसार गण्डकी प्रदेशमा १८ बर्षभन्दा माथिका १० प्रतिशत व्यक्तिहरुमा आफ्नो जीवनकालमा कुनै न कुनै किसिमको मानसिक स्वास्थ्य समस्या देखा परेको छ । हाल प्रदेशको ३ प्रतिशत वयस्क जनसंख्या कुनै न कुनै किसिमको मानसिक स्वास्थ्य समस्याबाट ग्रसित रहेको छ । उमेरगत हिसाबमा ४०-४५ वर्षको उमेर समूहमा सबैभन्दा बढी १३ प्रतिशत जनसंख्याले आफ्नो जीवनकालमा मानसिक स्वास्थ्य समस्या भोगेको देखिन्छ भने हाल करिब ६ प्रतिशत यही उमेर समूहका व्यक्तिहरु कुनै न कुनै मानसिक स्वास्थ्य समस्याबाट ग्रसित रहेका छन् । मानसिक स्वास्थ्य समस्या ४० देखि ७० वर्ष सम्मको उमेर समूहमा बढी देखिने गरेको छ ।

स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश बाट प्राप्त स्वास्थ्य सुचना प्रणाली २०७९/८० को तथ्यांक अनुसार गण्डकी प्रदेश भित्रका स्वास्थ्य संस्थाहरुबाट गत आ.ब.२०७७/७८ मा ३२,२२१ जनाले मानसिक स्वास्थ्य सेवा प्राप्त गरेका छन् भने आ.ब.२०७८/७९ मा सेवा लिनेको संख्या ३६,४९९ पुगेको छ जुन ओपिडीबाट सेवा लिने कुल संख्याको क्रमश ०.९ र १.३ % हुन आउँछ । प्रतिवेदन अनुसार चिन्ता, डिप्रेसन, माइग्रेन, छारेरोग, जाँडरक्सी तथा लागु पदार्थको कुलत, साइकोसिस प्रमुख समस्याहरु रहेका छन् ।

**तलिका २ : ओपिडीबाट मानसिक स्वास्थ्य सेवा लिएका हरुको संख्या (पटकमा)**

| प्रमुख समस्याहरु | आ.ब.२०७७/७८ | आ.ब.२०७८/७९ | आ.ब.२०७९/८० |
|---|---|---|---|
| | संख्या | संख्या | संख्या |
| Depression | 5070 | 4942 | 5878 |
| Anxiety disorder | | | 7001 |
| Psychosis | 1340 | 2123 | 1824 |
| Epilepsy | 2550 | 2129 | 2713 |
| Conversive disorder | 881 | 735 | 1027 |
| Dementia | 858 | 769 | 753 |
| Substance Use Disorder | | | 618 |
| Alcohol Use Disorder | | | 1969 |
| Migraine | 3366 | 3843 | 4170 |
| Bipolar Affective Disorder | 1680 | 1695 | 1699 |

*श्रोतः HMIS, स्वास्थ्य निर्देशनालय,* गण्डकी प्रदेश २०८०/८१

## गण्डकी प्रदेशमा आत्महत्याको अवस्था

प्रदेश प्रहरी निर्देशनालय गण्डकी प्रदेशले ११ वटै जिल्लाका जिल्ला प्रहरी कार्यालयहरुसँगको समन्वयमा प्रदेशस्तरमा आत्महत्या र आत्महत्या दुरुत्साहन सम्बन्धी फौजदारी कसुरहरुको अनुसन्धान, दोषीलाई दण्ड सजायका लागि आवश्यक कानुनी उपचार, आत्महत्या सम्बन्धी अभिलेखीकरण, सूचना व्यवस्थापन, प्रकाशन एवम आत्महत्या रोकथामसम्बन्धी समुदायस्तरमा क्रियाकलापहरु संचालन गरिरहेको छ ।

गण्डकी प्रदेश प्रहरी निर्देशनालयको गत तीन वर्षको तथ्यांक विश्लेषण गर्दा गण्डकी प्रदेशमा गत तीन वर्षमा आत्महत्या गर्ने संख्या बढ्दै गइरहेको छ । पछिल्लो आ.ब.२०७८/७९मा आत्महत्या गर्नेको कुल संख्या ७१२ रहेको छ जुन प्रति १००,००० जनसंख्यामा २८.८ (पुरुष ३७.४ र महिला २१.०) हुन आउँछ । आत्महत्या गर्ने संख्या मध्ये विगत तीन वर्षमा करिब ४०% महिला र ६० % पुरुष रहेका छन् ।

## आत्महत्याको तरिका

विगत तीन वर्षमा आत्महत्या गर्नेहरुको तथ्यांक विश्लेषण गर्दा सबै भन्दा धेरै झुण्डिएर आत्महत्या गर्ने हरु रहेका छन् जुन करिब ८५ प्रतिशत भन्दा बढी देखिन्छ । आत्महत्याका अन्य प्रमुख कारणहरुमा विष सेवन गर्ने र हाम फाल्ने रहेका छन् ।

**तालिका ३: गण्डकी प्रदेशमा गत तीन वर्षमा आत्महत्या विवरण**

| आत्महत्याको तरिका | २०७६/७७ | % | २०७७/७८ | % | २०७८/७९ | % |
|---|---|---|---|---|---|---|
| झुण्डिएर | ५२० | ८७ | ५६० | ८६ | ६३० | ८८ |
| विष सेवन | ३८ | ६ | ४२ | ६ | ४० | ६ |
| हाम फालेर | २२ | ४ | २९ | ४ | २१ | ३ |
| आगो लगाएर | २ | ० | २ | ० | १ | ० |
| एसिड सेवन गरेर | ० | ० | १ | ० | ० | ० |
| डुबेर | ० | ० | ० | ० | ७ | १ |
| औजार हात हतियारको प्रयोग | १ | ० | १ | ० | १ | ० |
| दुरुत्साहनबाट | १५ | ३ | १६ | २ | १२ | २ |
| जम्मा | ५९८ | १०० | ६६१ | १०० | ७१२ | १०० |

*श्रोत : प्रदेश प्रहरी निर्देशनालय, गण्डकी प्रदेश, २०७९*

## उमेर समुहका आधारमा आत्महत्या विश्लेषण

उमेर समूहका आधारमा विश्लेषण गर्दा सबै भन्दा बढी आत्महत्या गर्ने उमेर समूहमा १८ देखि २५ वर्षसम्मका युवाहरु रहेका छन् । करिब २५ प्रतिशत आत्महत्या यही उमेर समूहमा भएको भेटिन्छ ।

४५ वर्षमाथिका प्रौढहरुमा पनि आत्महत्याको दर उच्च रहेको देखिएको छ भने १८ वर्षभन्दा मुनीका बालबालिकाहरुमा पनि आत्महत्या गर्नेको संख्या उल्लेख्य रहेको छ । आत्महत्या गर्ने बालबालिकाहरुमा बालिकाहरुको संख्या बालकहरुको भन्दा उच्च रहेको छ ।

**तालिका ४ : उमेर समूह अनुसार आत्महत्या विश्लेषण**

| उमेर समूह | २०७६/७७ | | | | २०७७/७८ | | | | २०७८/७९ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | प्रतिशत | महिला | पुरुष | जम्मा | प्रतिशत | महिला | पुरुष | जम्मा | प्रतिशत |
| <१८ | ५० | ४१ | ९१ | १५ | ४६ | २४ | ७० | ११ | ५९ | ३९ | ९८ | १४ |
| १८-२५ | ६७ | ७६ | १४३ | २४ | ७६ | ७६ | १५२ | २३ | ८६ | ९९ | १८५ | २६ |
| २६-३५ | ४१ | ७० | १११ | १९ | ४५ | ७१ | ११६ | १८ | ४३ | ७० | ११३ | १६ |
| ३६-४५ | २३ | ५८ | ८१ | १४ | ३४ | ७४ | १०८ | १६ | ४२ | ७८ | १२० | १७ |
| >=४६ | ५४ | ११८ | १७२ | २९ | ६४ | १५१ | २१५ | ३३ | ४३ | १५३ | १९६ | २८ |
| जम्मा | २३५ | ३६३ | ५९८ | ९१ | २६५ | ३९६ | ६६१ | १०० | २७३ | ४३९ | ७१२ | १०० |

*श्रोत : प्रदेश प्रहरी निर्देशनालय, गण्डकी प्रदेश, २०७९*

## जातीगत विश्लेषण

विगत तीनै आ.ब.को आत्महत्याको जातिगत विश्लेषण गर्दा सबैभन्दा धेरै आत्महत्या गर्नेहरुमा क्रमश दलित, जनजाती, क्षेत्री र ब्राह्मण समुदायका रहेका छन् ।

**तालिका ५ : जातजातीका आधारमा आत्महत्या विश्लेषण**

| | २०७६/७७ | | | | २०७७/७८ | | | | २०७८/७९ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जातीगत विवरण | महिला | पुरुष | जम्मा | प्रतिशत | महिला | पुरुष | जम्मा | प्रतिशत | महिला | पुरुष | जम्मा | प्रतिशत |
| ब्राह्मण | ३३ | ५१ | ८४ | १४ | ४० | ७४ | ११४ | १७ | ४३ | ९३ | १३६ | १९ |
| क्षेत्री | ४२ | ६५ | १०७ | १८ | ३६ | ७३ | १०९ | १६ | ४५ | ७९ | १२४ | १७ |
| नेवार | २ | ८ | १० | २ | ५ | १८ | २३ | ३ | १४ | १२ | २६ | ४ |
| मंगोलियन | ६९ | ९७ | १६६ | २८ | ८९ | १०२ | १९१ | २९ | ६९ | ११९ | १८८ | २६ |
| दलित | ७५ | ११० | १८५ | ३१ | ८१ | १०१ | १८२ | २८ | ८३ | ११५ | १९८ | २८ |
| तराइबासी | १ | १५ | १६ | ३ | ४ | ३ | ७ | १ | ३ | ४ | ७ | १ |
| अन्य | १३ | १७ | ३० | ५ | १० | २५ | ३५ | ५ | १६ | १७ | ३३ | ५ |
| जम्मा | २३५ | ३६३ | ५९८ | १०० | २६५ | ३९६ | ६६१ | १०० | २७३ | ४३९ | ७१२ | १०० |

*श्रोत : प्रदेश प्रहरी निर्देशनालय, गण्डकी प्रदेश, २०७९*

## २.४ गण्डकी प्रदेशमा मानसिक तथा मनोसामाजिक स्वास्थ्यसँग सम्बन्धित मुख्य सरोकारवाला निकायहरुको भूमिका

### १) सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय प्रदेश सरकारको स्वास्थ्य क्षेत्रको नेतृत्वदायी निकाय हो । मन्त्रालयले गण्डकी प्रदेशको स्वास्थ्य र मानसिक तथा मनोसामाजिक स्वास्थ्यको क्षेत्रमा आवश्यक प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा कार्यान्वयन तथा नियमन साथै सेवाको व्यवस्थापन, गुणस्तर निर्धारण, अनुगमन, नियमनका कार्यहरु गर्दछ । मन्त्रालयको अर्न्तगतमा रही स्वास्थ्य निर्देशनालय, स्वास्थ्य तालिम केन्द्र, प्रदेश आपूर्ति व्यवस्थापन केन्द्र लगायतका सरोकारवाला निकायहरुले मानसिक स्वास्थ्य सम्बन्धी नीतिगत, व्यवस्थापकिय र प्राविधिक क्रियाकलापहरु संचालन गरिरहेका छन् । मन्त्रालयमार्फत नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी विभिन्न सचेतनामुलक कार्यक्रमहरु संचालन भइरहेको छ ।

### २) स्वास्थ्य निर्देशनालय

स्वास्थ्य निर्देशनालय प्रदेशभित्र समग्र स्वास्थ्य सम्बन्धी गतिविधीहरु संचालन र व्यवस्थापनमा सहयोग गर्ने प्रमुख प्राविधिक र प्रशासनिक इकाइ हो । प्रदेश स्वास्थ्य निर्देशनालयले प्रदेशस्तरको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन गर्ने गराउने, मातहतका स्वास्थ्य संस्थाहरुलाई नियमन, नियन्त्रण र निर्देशन दिने, सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिएका सेवाहरुको गुणस्तरीयता कायम भएको निश्चित गर्ने गराउने, औषधी र स्वास्थ्य उपकरणहरुको नियमित आपूर्ति व्यवस्थापनलाई चुस्त बनाउने, अर्न्तगतका स्वास्थ्य संस्थाहरुमा कर्मचारी व्यवस्थापन, क्षमता अभिबृद्धी, स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन, गैरसरकारी तथा निजी संघ संस्थाहरुसँग समन्वय र सहकार्य एवम विपद तथा महामारी रोगहरुको व्यवस्थापन जस्ता कार्यहरु गर्दछ ।

स्वास्थ्य निर्देशनायले मानसिक स्वास्थ्यको क्षेत्रमा कार्यालयको सम्पर्क व्यक्ति तोकेर मानसिक स्वास्थ्य कार्यक्रमहरु संचालन गर्ने, नसर्ने तथा मानसिक स्वास्थ्य कार्यक्रमहरुको समिक्षा, कार्यशाला गोष्ठि, मानसिक स्वास्थ्यको समुदायमा पुनर्स्थापना कार्यक्रम, कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण जस्ता कार्यहरु संचालन गरिरहेको छ । साथै मातहतका आयुर्वेद स्वास्थ्य कार्यालयहरु र स्वास्थ्य केन्द्रहरु मार्फत मानसिक स्वास्थ्य प्रबर्धनका लागि योग तथा ध्यान शिविर तथा सचेतना कार्यक्रमहरु संचालन भइरहेका छन् । निर्देशनालयले मानसिक स्वास्थ्यसँग सबन्धित प्रदेशमातहतका सरकारी गैरसरकारी तथा नीजि संघसंस्थाहरुसँगको समन्वयमा नीति निर्माण, पैरवी, कार्यक्रमहरुको अनुगमन जस्ता कार्यहरुमा सहकार्य गरिरहेको छ ।

### ३) स्वास्थ्य तालिम केन्द्र

गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र पोखरा प्रदेशमा स्वास्थ्य सम्बन्धि तालिमको संचालन तथा व्यवस्थापन गर्ने प्रमुख प्राविधिक र प्रशासनिक इकाइ हो । स्वास्थ्य तालिम केन्द्रले गण्डकी प्रदेश सरकार अर्न्तगतका स्वास्थ्य जनशक्तिको क्षमता विकासका लागि आवश्यकता पहिचान गरी योजना बनाउने, प्रभावकारी  रुपमा कार्यान्वयन गर्ने, अनुगमन र मूल्यांकन गर्ने गर्दछ । यस केन्द्रले स्वास्थ्य क्षेत्रमा कार्यरत जनशक्तिको लागि सेवा प्रवेश तालिम, राष्ट्रिय स्वास्थ्य कार्यक्रमको प्रभावकारी कार्यान्वयन र गुणस्तरिय स्वास्थ्य सेवा विस्तारका लागि सैद्धान्तिक र प्रयोगात्मक सीप विकास तालिम र सो सम्बन्धि अध्ययन अनुसन्धान गर्दै आईरहेको छ ।

केन्द्रले मानसिक स्वास्थ्यको क्षेत्रमा राष्ट्रिय तालिम केन्द्रले प्रमाणीकरण गरेका मानसिक स्वास्थ्य सम्बन्धी तालिमहरु संचालन गर्ने, अभिलेख राख्ने, प्रमाणिकरण गर्ने जस्ता कार्यहरु गर्दै आईरहेको छ । केन्द्रले बार्षिक स्विकृत कार्यक्रम अनुसार र विभिन्न सरोकारवाला गैरसरकारी संघ संस्थाहरुको समन्वयमा स्याङ्गजा, पर्वत, कास्की, लमजुङ्ग, म्याग्दी लगायतका जिल्लाहरुका स्वास्थ्यकर्मीहरुलाई मानसिक स्वास्थ्यका मोडुलर तालिमहरु संचालन गर्दैआएको छ ।

स्वास्थ्य तालिम केन्द्रको हालसम्मको अभिलेख अनुसार गण्डकी प्रदेशमा तालिम प्राप्त गर्ने स्वास्थ्यकर्मीहरुको संख्या निम्न अनुसार रहेको छ ।

**तलिका ६ : प्रदेशमा मानसिक स्वास्थ्य तालिम प्राप्त जनशक्ति संख्या (२०७५-२०८० जेष्ठ सम्म)**

| **तालिमको नाम** | **तालिम पाउने जनशक्ति संख्या** |
|---|---|
| सबै किसिमको सूचिकृत मानसिक स्वास्थ्यको तालिम पाउने जनशक्ति | १२४ |
| सबै किसिमको सूचिकृत मानसिक स्वास्थ्यको तालिम पाउने जम्मा चिकित्सक | ३८ |
| सबै किसिमको सूचिकृत मानसिक स्वास्थ्यको तालिम पाउने जम्मा मेडिकल अधिकृत | २५ |
| मोडुलर तालिम पाउने स्वास्थ्यकर्मी | ६३ |
| मोड्युल १ | २३ |
| मोड्युल २(क) र २(ख) पाउने स्वास्थ्यकर्मी | ३८ |
| मोड्युल ३ पाउने स्वास्थ्यकर्मी | २० |
| छ महिनाको मनोसामाजिक मनोविमर्श तालिम | १९ |

***श्रोत : स्वास्थ्य तालिम केन्द्र, गण्डकी***प्रदेश र ***बाट २०८० जेष्ठमा प्राप्त विवरण***

तालिम केन्द्रबाट जिल्लागतरुपमा हालसम्म तालिम प्राप्त गर्नेहरुको संख्या अनुसुची ५ मा समावेश गरिएको छ ।

## ४) प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र

प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, गण्डकी प्रदेश यस प्रदेशमा स्वास्थ्य आपूर्तिको प्रमुख प्राविधिक र प्रशासनिक इकाई हो । यस कार्यालयले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गण्डकी प्रदेश मातहत रही प्रदेशमा स्वास्थ्यसंग सम्बन्धित आपूर्ति व्यवस्थाको उचित व्यवस्थापन सुनिश्चित गर्दछ । यस कार्यालयका मुख्य जिम्मेवारी आपूर्ति श्रृखला व्यवस्थापनसँग सम्बन्धित योजना, तर्जुमा, अत्यावश्यक औषधिहरु एवं स्वास्थ्य सामग्रीहरु र औजार उपकरणकोको खरिद, भण्डारण, वितरण र ढुवानी गर्ने, आपूर्ति व्यवस्थापन सूचना प्रणालीको व्यवस्थापन, जनशक्तिको क्षमता अभिबृद्धी गर्ने, विकास साझेदारहरुसँग सहकार्य र समन्वय गर्ने तथा प्रदेशमा स्वास्थ्य आपूर्ति सहज बनाउनका लागि समस्या र कमजोरीहरुको लेखाजोखा गरी समाधानका उपायहरु पत्ता लगाउने तथा सुधारका लागि आवश्यक कार्यहरु गर्ने रहेको छ ।

केन्द्रले मानसिक स्वास्थ्य सेवा प्रदान गर्ने अस्पताल र जिल्ला स्वास्थ्य कार्यालयहरुलाई मानसिक स्वास्थ्य सम्बन्धी निशुल्क औषधीहरु खरिद गरी आपूर्ति गर्ने गर्दछ । आ.ब. २०७८/७९ मा १७ प्रकारका औषधीहरु प्रदेश अर्न्तगतका स्वास्थ्य कार्यालयहरु र अस्पतालमा पठाएको केन्द्रले आ.ब. २०७९/८० मा ११ मध्ये ९ प्रकारका औषधीहरुको आपूर्ति व्यवस्था मिलाएको छ । विगतका वर्षहरुमा मानसिक स्वास्थ्यको औषधी आपूर्ति कम भएता पनि पछिल्लो आर्थिक वर्ष २०७९/८० मा मानसिक स्वास्थ्यको कार्यक्रम संचालन भएका जिल्लाहरु स्यांङजा, पर्वत, वाग्लुङ, गोरखा, र नवलपरासी पूर्वमा औषधीको खपत भने विगत वर्षहरुको तुलनामा बढिरहेछ । सेवाको बढ्दो माग र मानसिक स्वास्थ्यमा तालिम प्राप्त जनशक्तिलाई ध्यानमा राखी आपुर्ति केन्द्रले औषधी खरिदलाई प्राथमिकता दिएको छ ।

**तालिका ७ : प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रबाट प्रदेशभित्र उपलब्ध गराइएको औषधी विवरण**

| सि.नं | औषधी विवरण | इकाइ | परिमाण | |
|---|---|---|---|---|
| | | | आ.ब. २०७८/७९ | आ.ब.२०७९/८० |
| १. | Amitryptyline 10 mg | Tab | १३०००० | |
| २. | Amitryptyline 25 mg | Tab | १३०००० | |
| ३. | Risperidone 1 mg | Tab | १००००० | |
| ४. | Risperidone 2 mg | Tab | ९६००० | |
| ५. | Fluxetine 10 mg | Tab | १००००० | ५०००० |
| ६. | Fluxetine 20 mg | Tab | १००००० | |
| ७. | Trihexiphenidyl 2 mg | Tab | ५०००० | ४०००० |
| ८. | Diazepam 2 mg | Tab | ४००० | १५००० |
| ९. | Diazepam 5 mg | Tab | ४००० | |
| १०. | Sodium Valproate 200 mg | Tab | १००००० | |
| ११. | Sodium Valproate 300 mg | Tab | १००००० | ४८५०० |
| १२. | Thyamine 100 mg | Tab | १५०००० | ५०००० |
| १३. | Phenobarbitone 60 mg | Tab | १००००० | |
| १४. | Carbamazepine 100 mg | Tab | २५००० | २०००० |

| सि.नं | औषधी विवरण | इकाइ | परिमाण | |
|---|---|---|---|---|
| | | | आ.ब. २०७८/७९ | आ.ब.२०७९/८० |
| १५. | Carbamazepine 200 mg | Tab | ५०००० | ३००० |
| १६. | Carbamazepine 400 mg | Tab | ५०००० | २०००० |
| १७. | Phenobarbitone 30 mg | Tab | २५००० | |
| १८. | Phenobarbitone 60 mg | Tab | | २०००० |

*श्रोत : प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, असार, २०८०*

**५) जिल्लास्थित प्रदेश स्वास्थ्य कार्यालयहरु र अस्पतालहरु**

जिल्लास्थित स्वास्थ्य कार्यालयहरुले प्रदेश स्वास्थ्य निर्देशनालय मातहतमा रही मानसिक स्वास्थ्यसँग सम्बन्धित कार्यक्रमहरुको संचालन, सुचना व्यवस्थापन, औषधी तथा स्वास्थ्य सामाग्रीहरुको व्यवस्थापन, स्वास्थ्य जनशक्तिहरुको क्षमता अभिबृद्धी, स्वास्थ्य कार्यक्रमहरुको समिक्षा तथा योजना र विकास साझेदारहरुसँग समन्वय र सहकार्य जस्ता क्रियाकलापहरु संचालन गरिरहेका छन् । जिल्लास्थित अस्पतालहरुले मानसिक स्वास्थ्य सम्बन्धी स्क्रिनिङ्ग, मनोविमर्श, उपचार, औषधी वितरण तथा प्रेषण सम्बन्धी कार्यहरु संचालन गरिरहेका छन् ।

## २.५ गण्डकी प्रदेशमा मानसिक तथा मनोसामाजिक स्वास्थ्यसँग सम्बन्धित उपलब्ध सेवा केन्द्रहरुको विवरण

गण्डकी प्रदेशको राजधानी पोखरामा रहेका स्वास्थ्य विज्ञान प्रतिष्ठान, तथा निजी क्षेत्रबाट संचालित मेडिकल कलेजका शिक्षण अस्पतालहरु तथा केही निजी अस्पतालहरुबाट मात्र मानसिक स्वास्थ्यको विशेषज्ञ सेवा प्रदान भइरहेको छ । पोखरा बाहिरका प्रादेशिक अस्पतालहरु मध्ये गोरखा अस्पताल, म्याग्दी अस्पताल र मध्यविन्दू अस्पतालमा मनोचिकित्सकहरुबाट मानसिक स्वास्थ्यको बहिरंग सेवा प्रदान भइरहेको देखिन्छ। अन्य प्रादेशिक अस्पतालहरुमा मेडिकल अधिकृत र पारामेडिकल स्टाफहरुबाट मात्र सेवा प्रदान भइरहेको छ । प्रदेशभित्र संचालित सरकारी अस्पतालहरुमा गोरखा अस्पतालले मानसिक स्वास्थ्य सेवा प्रदान गर्न वार्डको व्यवस्था गरी ४ बेड छुट्याएको भेटिएकोछ भने अन्य सरकारी अस्पतालहरुमा मानसिक स्वास्थ्यको अन्तरंग सेवा संचालन भएको छैन । निजी क्षेत्रबाट संचालित गण्डकी मेडिकल कलेजमा १२ शैयाको मानसिक स्वास्थ्यको अन्तरंग सेवा स्थापना भई मानसिक रोगका गम्भिर विरामीहरु, आत्महत्याको प्रयास गरेका विरामीहरु लगायतको उपचार भइरहेको छ । निजी क्षेत्रबाट संचालित बिजी अस्पतालमा १५ शैयाको मानसिक स्वास्थ्यको अन्तरंग सेवा संचालनमा रहेको छ । प्रदेश भित्रको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान र सबै जिल्ला अस्पतालहरुबाट एकद्धार संकट व्यवस्थापन प्रणाली (ओ.सी.एम.सी) मार्फत मनोविमर्श सेवा प्रदान भइरहेको छ ।

गण्डकी प्रदेशमा कार्यरत गैरसरकारी संघ संस्थाहरुले मुख्य गरी मनोविद तथा तालिम प्राप्त मनोपरामर्शदाताहरु मार्फत कास्की, तनहुँ, स्याङ्जा, बाग्लुङ, गोरखा, लमजुङ, पर्वत, म्याग्दी तथा पूर्वी नवलपरासी जिल्लाहरुमा लक्षित समुदायका सदस्यहरुलाई मनोविमर्श सेवा, समूह परामर्श, समुदायमा घरभेट गरी खोजपडताल, सचेतना, उपचार सहयोग, स्वास्थ्यकर्मीहरुलाई क्षमता अभिबृद्धी, प्रेषण सहयोग सेवा, मानसिक स्वास्थ्यको औषधी सहयोग, अन्य आवश्यक सेवाहरु जस्तै आश्रय होम, कानुनी

सेवा, पुनस्थापना सेवा, मानसिक तथा मनोसामाजिक अपांगता भएका व्यक्तिहरुको सशक्तिकरण, समावेशीकरण, सामाजिक सुरक्षा कार्यक्रमहरुमा पहुँच बृद्धी जस्ता सेवाहरु प्रदान गरिरहेका छन् ।

**तालिका ८ : मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा दिने अस्पताल र सेवा केन्द्रहरुको विवरण**

| उपलब्ध स्वास्थ्य सेवा | सेवा प्रदायक संस्थाहरु | जिल्ला |
|---|---|---|
| मानसिक स्वास्थ्य विशेषज्ञबाट ओपिडी सेवा | १) पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरा<br>२) गण्डकी मेडिकल कलेज, पोखरा<br>३) मणिपाल मेडिकल कलेज, पोखरा<br>४) बिजी अस्पताल, पोखरा<br>५) गोरखा जिल्ला अस्पताल,गोरखा<br>६) म्याग्दी जिल्ला अस्पताल, बेनी<br>७) दमौली अस्पताल, तनहुँ<br>८) धौलागिरी अस्पताल, बाग्लुङ्ग | ४(कास्की, गोरखा, म्याग्दी, नवलपरासी (पूर्व) |
| अन्तरंग सेवा | १) गण्डकी मेडिकल कलेज (१२ वेड) पोखरा,<br>२) बिजी अस्पताल (१५ बेड) पोखरा,<br>३) गोरखा जिल्ला अस्पताल (४ बेड), | २ (कास्की, गोरखा) |
| तालिम प्राप्त स्वास्थ्यकर्मीबाट मनोविमर्श सेवा ( अस्पताल) | १) पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान,<br>२) धौलागिरी अञ्चल अस्पताल,<br>३) मध्यविन्दु जिल्ला अस्पताल,<br>४) पर्वत जिल्ला अस्पताल,<br>५) स्याङ्जा जिल्ला अस्पताल,<br>६) दमौली अस्पताल,<br>७) लमजुङ्ग अस्पताल<br>८) गोरखा जिल्ला अस्पताल<br>९) म्याग्दी जिल्ला अस्पताल | ९ (कास्की, गोरखा, लमजुङ्ग, वाग्लुङ्ग, नवलपरासी (पूर्व), पर्वत, स्याङ्गजा, तनहुँ, म्याग्दी ) |
| तालिम प्राप्त स्वास्थ्यकर्मीबाट मनोविमर्श सेवा ( गैह्रसरकारी र अन्य | १) मर्स्याङदी गाउँपालिका, लमजुङ्ग<br>२) सामी परियोजना मार्फत (६ जिल्लाका २७ पालिका)<br>३) कोशिश मार्फत ४ जिल्लाका १२ पालिका<br>४) टी.पी.ओ नेपाल मार्फत ३ जिल्ला<br>५) कोपिला नेपाल मार्फत ९ जिल्ला | ९ (कास्की, गोरखा, लमजुङ्ग, वाग्लुङ्ग, नवलपरासी (पुर्व), पर्वत, स्याङ्गजा, तनहुँ, म्याग्दी ) |
| लक्षित बर्गको हेरचाह र पुर्नस्थापना सेवा | १) एस.ओ.एस बालग्राम पोखरा<br>२) मानव सेवा आश्रम<br>३) कोपिला नेपाल, पोखरा<br>४) अपरच्युनिटी भिलेज<br>५) थ्री एन्जल्स, नेपाल | कास्की, गोरखा, लमजुङ्ग, वाग्लुङ्ग, |

*श्रोत : स्वास्थ्य संस्था सर्वे, २०८०*

## २.६ गण्डकी प्रदेशमा उपलब्ध स्वास्थ्य जनशक्ति

गण्डकी प्रदेशमा आ.ब. २०७९ चैत्रदेखि २०८० वैशाख महिना भित्र गरिएको सर्वेक्षणमा गण्डकी प्रदेशमा कार्यरत मानसिक स्वास्थ्यसँग सम्बन्धित निम्न अनुसारको जनशक्ति कार्यरत रहेको पाइएको छ । उपलब्ध जनशक्तिहरुको विस्तृत विवरण अनुसुचि २ मा दिइएको छ ।

**तालिका ९ : गण्डकी प्रदेशमा कार्यरत मानसिक स्वास्थ्य जनशक्ति**

| | सरकारी | निजी क्षेत्र | गैरसरकारी | स्थानीय तह | जम्मा संख्या | प्रति लाख जनसंख्यामा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| मानसिक स्वास्थ्य विशेषज्ञ | ८ | ६ | १ | ० | १५ | ०.६ | |
| चिकित्सा मनोविद | ० | ० | ० | ० | ० | ० | |
| मनोविद | ० | ० | ५ | ० | ५ | ०.२ | |
| मानसिक स्वास्थ्य सम्बन्धी तालिम प्राप्त मेडिकल अधिकृत (शिक्षण अस्पताल, प्रादेशिक तथा जिल्ला अस्पताल) | ४ | ८ | ० | ० | १२ | | |
| तालिम प्राप्त मनोविमर्शकर्ता (छ महिनाको मानसिक स्वास्थ्य तथा मनोपरामर्श तालिम प्राप्त) | ५ | ३ | ४७ | १ | ५६ | २.२ | |

*श्रोत : स्वास्थ्य संस्था सर्वे, २०८०/स्वास्थ्य तालिम केन्द्र, २०८०, जेष्ठ*

## २.७ गण्डकी प्रदेशमा मानसिक स्वास्थ्य एवं मनोसामाजिक स्वास्थ्यको क्षेत्रमा संचालित कार्यक्रमहरुको विवरण

गण्डकी प्रदेशमा मानसिक तथा मनोसामाजिक स्वास्थ्यको क्षेत्रमा सर्वेक्षणबाट प्राप्त सरकारी , गैरसरकारी तथा नीजि क्षेत्रबाट संचालित समग्र कार्यक्रमहरु निम्न अनुसार रहेका छन् । मानसिक स्वास्थ्यको क्षेत्रमा मुख्यरुपमा उपचार तथा परामर्श सेवा संचालन, मानसिक स्वास्थ्यको जनशक्ति उत्पादन तथा क्षमता अभिबृद्धी, मानसिक स्वास्थ्य सचेतना तथा आत्महत्या रोकथाम, स्थानीय तहमा नीति निर्माण बहस पैरवी तथा मानसिक स्वास्थ्य समस्यामा परेका व्यक्तिहरुलाई हेरचाह, सहयोग, सशक्तिकरणका कार्यहरु सरकारी क्षेत्र, केही गैरसरकारी तथा निजी संघ संस्थाहरुको सहकार्यमा संचालन भइरहेका छन् ।

**तालिका १०: प्रदेशमा मानसिक स्वास्थ्यको क्षेत्रमा संचालित कार्यक्रमहरु**

| कार्यक्रम क्षेत्र | सरकारी क्षेत्र (जिल्ला अस्पताल, स्वास्थ्य कार्यालय, स्थानीय तह) | गैरसरकारी क्षेत्र | निजी क्षेत्र (मेडिकल कलेज, विशेषज्ञ अस्पताल ) |
|---|---|---|---|
| **मानसिक स्वास्थ्य उपचार तथा परामर्श** | स्थानीय स्वास्थ्य संस्थाहरुबाट मानसिक स्वास्थ्य उपचार र परामर्श<br>जिल्ला अस्पतालहरुमा मानसिक स्वास्थ्य क्लिनिक संचालन<br>मानसिक स्वास्थ्य औषधी खरिद तथा वितरण<br>पालिकाहरुमा गैरसरकारी संघ संस्थासँगको समन्वयमा मनोविमर्शकर्ताको व्यवस्था गरी सेवा प्रदान<br>कैदीबन्दीहरु, असक्त, असहाय तथा वेवारिसे, मानसिक वा मनोसामाजिक समस्या भएका | समुदायस्तर र स्वास्थ्य संस्थास्तरमा मनोसामाजिक समस्याहरुको जाँच, विरामी पहिचान, मनोविमर्श सेवा, प्रेषण, औषधी सहयोग<br>समूदाय अभिमुखिकरण<br>समुदायस्तरमा मनोसामाजिक परामर्शदाताबाट घरभेट तथा समूह परामर्श<br>स्थानीय तहहरुसँगको सहकार्यमा मासिक स्वास्थ्य शिवीर संचालन<br>मानसिक तथा मनोसामाजिक अपाङ्गतामा रहेका व्यक्तिहरुलाई स्वास्थ्य बीमा तथा उपचारमा प्रेषण, | मानसिक स्वास्थ्य विशेषज्ञ सेवा ( ओपिडी, अन्तरंग)<br>तालिम प्राप्त मनोविमर्शकर्ताहरुबाट परामर्श सेवा<br>मानसिक स्वास्थ्य दिवसमा निशुल्क स्वास्थ्य शिविर,<br>आत्महत्या रोकथाम दिवसमा निशुल्क स्वास्थ्य शिविर,<br>औषधी उपलब्धता |

| कार्यक्रम क्षेत्र | सरकारी क्षेत्र (जिल्ला अस्पताल, स्वास्थ्य कार्यालय, स्थानीय तह) | गैरसरकारी क्षेत्र | निजी क्षेत्र (मेडिकल कलेज, विशेषज्ञ अस्पताल ) |
|---|---|---|---|
| | व्यक्तिहरुको उपचार र पुनस्थापना कार्यक्रम संचालन | | |
| **जनशक्ति विकास तथा क्षमता अभिवृद्धी** | स्वास्थ्यकर्मीहरुलाई मानसिक स्वास्थ्य तालिम संचालन | स्वास्थ्यकर्मीहरुलाई क्षमता विकास तालिम ( Module 1, 2B, 4), स्वास्थ्यकर्मीहरुलाई अनसाइट कोचिङ, फलो अप<br>आत्महत्या रोकथामका लागि गेटकिपर तालिम प्याकेज निर्माण तथा तालिम संचालन ( स्वास्थ्यकर्मी, प्रहरी, महिला स्वास्थ्य स्वयम सेविका,<br>स्वास्थ्यकर्मिहरु तथा स्वास्थ्य स्वमं सेविकाहरुका लागि ३ दिनको MHPSS(Mental Health and Psychosocial Support) तालिम | PG training, MBBS training, |
| **मानसिक स्वास्थ्य सम्बन्धी नीति निर्माण, वकालत तथा पैरवी** | मानसिक स्वास्थ्यको क्षेत्रलाई प्राथमिकता दिनको लागि प्रदेश स्वास्थ्य निर्देशनालयमा स्वास्थ्य निर्देशकको संयोजकत्वमा मानसिक स्वास्थ्यको प्राविधिक समिति गठन । | मानसिक स्वास्थ्य र मनोसामाजिक अपाङ्गताको क्षेत्रमा बजेट विनियोजनका लागि प्रदेश र स्थानीय निकायमा विभिन्न कार्यशाला गोष्ठिहरु, पैरवी र वकालत<br>मानसिक तथा मनोसामाजिक अपाङ्गता परिचय पत्रको लागि सम्बन्धित निकायमा पैरवी र वकालत,<br>गण्डकी प्रदेशका पत्रकारहरुसँग मानसिक स्वास्थ्यको समाचार प्रकाशन गर्दा ध्यान दिने विषयमा छलफल, पत्रकारहरुका लागि आत्महत्या रोकथाम र आत्महत्याका समाचारहरु प्रकासन गर्ने सम्वेदशिल मिडिया रिपोटिङ निर्देशिका तयार हुदै । | विभिन्न गैरसरकारी संघसंस्थाहरुलाई प्राविधिक सहयोग |
| **मानसिक स्वास्थ्य प्रबर्धन सचेतना,** | विद्यालय मानसिक स्वास्थ्य कार्यक्रम आत्महत्या रोकथाम नियन्त्रण मानसिक स्वास्थ्य सचेतना, मानसिक स्वास्थ्य | मानसिक स्वास्थ्य सचेतना कार्यक्रम तथा आत्महत्या रोकथाम, विश्व मानसिक स्वास्थ्य दिवस मनाउने,<br>मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सम्वन्धि सुचना शिक्षा तथा संचार सामाग्री प्रकासन तथा प्रसारण, रेडियो | |

| कार्यक्रम क्षेत्र | सरकारी क्षेत्र (जिल्ला अस्पताल, स्वास्थ्य कार्यालय, स्थानीय तह) | गैरसरकारी क्षेत्र | निजी क्षेत्र (मेडिकल कलेज, विशेषज्ञ अस्पताल ) |
|---|---|---|---|
| | सम्बन्धी सचेतनामुलक सामाग्री प्रकाशन<br>स्वास्थ्यकर्मी तथा स्थानीय सरोकारवालाहरुलाई मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखिकरण | कार्यक्रम, | |
| मनोसामाजिक अपांगता भएका व्यक्तिहरुको हेरचाह, सहयोग, आधारभुत मानव अधिकारको संरक्षण, पुनस्थापना, सशक्तिकरण | | असहाय वालवालिकाहरुको संरक्षण, क्षमता विकास तालिम (Parenting skill, peer counselling), तनाव व्यवस्थापन<br>मनोसामाजिक तथा मानसिक समस्या भएका व्यक्तिहरुलाई आश्रय, भोजन, हेरचाह र सहयोग, औषधी उपचार, आयआर्जन, मनोरन्जन, पारिवारीक पुनर्मिलन, सडकमा खोजपडताल<br>Livelihood support, capacity building training<br>स्वावलम्वन समुह सदस्यहरुको क्षमता विकास<br>मानसिक तथा मनोसामाजिक अपाङ्गतामा रहेका व्यक्तिहरुको साथी सङ्गी समूह गठन तथा मासिक बैठक संचालन<br>प्रदेश स्तरीय मानसिक तथा मनोसामाजिक अपाङ्गतामा रहेका व्यक्तिहरुको संजाल गठन, मनोसामाजिक अपाङ्गतामा रहेका व्यक्तिहरुको संजाल मार्फत विभिन्न निकायमा डेलिगेसन, गण्डकी प्रदेशमा रहेका विभिन्न अपाङ्गताका संगठनहरुसँग बैठक⁄गोष्ठि<br>मानसिक तथा मनोसामाजिक अपाङ्गतामा रहेका व्यक्तिलाई जीविकोपार्जनका लागि बिउ पुंजी सहयोग<br>पालिकामा स्वास्थ्य कर्मीहरुको संयोजकत्वमा बहुपक्षिय आत्महत्या रोकथाम सहयोग समिति निर्माण | |

## २.८ प्रदेशमा मानसिक स्वास्थ्यको क्षेत्रमा बिनियोजित बजेट

विगत तीन आर्थिक वर्षहरु (आ.ब. २०७७/७८ देखी २०७९/८०) मा गण्डकी प्रदेश अर्न्तगतका कार्यालयहरुको मानसिक स्वास्थ्य बजेट निम्न अनुसार रहेको छ। आ.ब. २०७७/७८ मा जम्मा बजेट विनियोजन रु ४६ लाख २० हजार रहेकोमा पछिल्ला आ.ब २०७८/७९ र २०७९/८० मा उल्लेख्य बढेर क्रमश ९४ लाख २० लाख तथा ८९ लाख पुगेको देखिन्छ। संघिय सरकारबाट प्राप्त सशर्त अनुदान तर्फ बजेट बिनियोजन बढ्दो क्रममा रहेको छ भने प्रदेशतर्फको बिनियोजन घट्दो क्रममा देखिन्छ।

सशर्त अनुदान मार्फत संचालित क्रियाकलापहरुमा लक्षित वर्गका व्यक्तिहरु (कैदीबन्दी, असक्त, असहाय तथा वेवारिसे, मानसिक वा मनोसामाजिक समस्या भएका व्यक्तिहरु) को उपचार तथा पुनस्थापना, आत्महत्या रोकथाम तथा विद्यालय मानसिक स्वास्थ्य सम्बन्धी मानसिक स्वास्थ्य कार्यक्रमहरु र जिल्ला स्थित स्वास्थ्य कार्यालयहरु मार्फत मानसिक स्वास्थ्य सम्बन्धी तालिम रहेका छन्। प्रदेशबाट विनियोजित कार्यक्रमहरुमा जिल्ला अस्पतालहरुमा नसर्ने रोग र मानसिक स्वास्थ्य क्लिनिक संचालन कार्यक्रम रहेका छन्। आ.ब. २०७९/८० मा प्रदेश मार्फत मानसिक स्वास्थ्य कार्यक्रमहरुमा बजेट विनियोजन भएको पाइएन।

गण्डकी प्रदेश सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय, स्वास्थ्य तालिम केन्द्र, प्रदेश आपूर्ति तालिम केन्द्र, प्रादेशिक अस्पतालहरु र स्वास्थ्य कार्यालयहरुबाट मानसिक स्वास्थ्यमा विनियोजन भएको बजेटको विष्तृत विवरण अनुसुचि ४ मा दिइएको छ।

**तालिका ११ : प्रदेश सामाजिक तथा स्वास्थ्य मन्त्रालय अर्न्तगत बिनियोजित मानसिक स्वास्थ्य बजेट**

| श्रोत | आ.ब. | | |
|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| सशर्त (रु) | ७२००० | ६७२०००० | ८९००००० |
| प्रदेश (रु) | ३९००००० | २७००००० | ० |
| जम्मा (रु) | ४६२०००० | ९४२०००० | ८९००००० |

*श्रोत : गण्डकी प्रदेश, बार्षिक कार्यक्रम*

## २.९ गण्डकी प्रदेशमा स्थानीय तहहरुमा उपलब्ध सेवा र मानसिक स्वास्थ्यको क्षेत्रमा भए गरेका क्रियाकलापहरु

गण्डकी प्रदेश अर्न्तगतका जिल्लास्थित स्थानीय तहहरुमा नेपाल सरकार सशर्त कार्यक्रम, प्रदेश सरकार अर्न्तगतका स्वास्थ्य कार्यक्रमहरु, स्थानीय सरकार तथा विभिन्न गैरसरकारी संघ संस्थाहरुको सहकार्य र समन्वयमा मानसिक स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु संचालन भई मानसिक स्वास्थ्य सेवा शुरु भएका छन् । स्वास्थ्यकर्मीहरुलाई मोडुलर तालिम संचालन भएका स्वास्थ्य संस्थाहरुमा संघिय सरकार, प्रदेश सरकार मार्फत मानसिक स्वास्थ्यको औषधीहरुको आपूर्ति भएको छ भने कतिपय स्थानीय तहहरुले आन्तरिक श्रोतबाट व्यवस्थापन गरेका छन् । सर्वेक्षणका क्रममा भेटिएका प्रदेशभित्रका स्थानीय तह अर्न्तगतका स्वास्थ्य संस्थाहरुको मानसिक स्वास्थ्य विवरण निम्न अनुसार रहेको छ ।

**तालिका १२ : प्रदेश भित्र सर्वेक्षण गरिएका स्थानीय तह र मातहतका संस्थाहरुमा उपलब्ध मानसिक स्वास्थ्य सेवा विवरण**

| नगरपालिका | जिल्ला | mhGAP तालिम प्राप्त स्वास्थ्यकर्मीबाट जनरल ओपिडी सेवा (१०:००-५:००), संस्था खुल्ने प्रत्येक दिन | तालिम प्राप्त मनोविमर्शकर्ताबाट मनोविमर्श सेवा (१०:००-५:००) | कैफियत |
|---|---|---|---|---|
| पुतलीबजार नगरपालिका | स्याङ्जा | | ✓(स्याङ्गजा जिल्ला अस्पताल) | |
| कुश्मा नगरपालिका, पर्वत | पर्वत | ६ वटा स्वास्थ्य संस्था (कुश्मा अस्पताल, खुर्कोट, चुवा, कटुवा, पिलवोट, र पकुवा) | ✓(पर्वत जिल्ला अस्पताल) | नगरपालिका अर्न्तगतका ६ वटा स्वास्थ्य संस्थाहरु (कुश्मा स्वा.चौ., खुर्कोट स्वा.चौ., चुवा स्वा.चौ., कटुवा स्वा.चौ., पिपलटारी स्वा.चौ.र पकुवा स्वा.चौ., बाट उपचार शुरु गरिएको । जिल्लाका ५ वटा पालिकामा स्वास्थ्यकर्मीहरुलाई मानसिक रोग उपचार तालिम प्रदान गरिएको । स्वास्थ्य संस्थाहरुमा मानसिक स्वास्थ्यको औषधी वितरण भइरहेको । मानसिक स्वास्थ्य सचेतना, परामर्श, प्रेषण समेत । |
| बाग्लुङ | बाग्लुङ | | ✓(धौलागिरी | आत्महत्या रोकथाम दिवस मनाएको, मनोपरामर्श |

| नगरपालिका | जिल्ला | mhGAP तालिम प्राप्त स्वास्थ्यकर्मीबाट जनरल ओपिडी सेवा (१०:००-५:००), संस्था खुल्ने प्रत्येक दिन | तालिम प्राप्त मनोविमर्शकर्ताबाट मनोविमर्श सेवा (१०:००-५:००) | कैफियत |
|---|---|---|---|---|
| नगरपालिका | | | अञ्चल अस्पताल) | सेवा, समूह परामर्श |
| बेनी नगरपालिका | म्याग्दी | ८ वटा स्वास्थ्य संस्थाहरु (बेनी अस्पताल, रत्नेचौर स्वा.चौ., ज्यामरुककोट स्वा.चौ., भकिम्ली स्वा.चौ., सिंगा स्वा.चौ., पुलाचौर स्वा.चौ., पाल्लेखेत स्वा.चौ., घतान स्वा.चौ.) | √( म्याग्दी जिल्ला अस्पताल) | विश्व स्वास्थ्य संगठनसँगको सहकार्यमा स्वास्थ्यकर्मीहरुलाई मोडुलर तालिम संचालन गरी नगरपालिकाका ८ वटा स्वास्थ्य संस्थाहरु (बेनी अस्पताल, रत्नेचौर स्वा.चौ., ज्यामरुककोट स्वा.चौ., भकिम्ली स्वा.चौ., सिंगा स्वा.चौ., पुलाचौर स्वा.चौ., पाल्लेखेत स्वा.चौ., घतान स्वा.चौ.) मा मानसिक स्वास्थ्य सेवा शुरु भएको । बेनी नगरपालिकाले मानसिक स्वास्थ्य सचेतना, स्वास्थ्यकर्मी तथा स्थानीय सरोकारवालाहरुलाई मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरेको ।<br>म्याग्दी जिल्लाका सबै पालिकाका ४५ वटा वडाहरु (बेनी नगरपालिका वडा नं ६ र ७ बाहेक) मा मानसिक स्वास्थ्य तालिम संचालन भई सेवा शुरु भएको । |
| गोरखा नगरपालिका | गोरखा | | √( गोरखा जिल्ला अस्पताल) | |
| बेशीशहर नगरपालिका | लमजुङ | ६ वटा स्वास्थ्य चौकीहरु (लमजुङ्ग अस्पताल, बाँझाखेत स्वा.चौ, चण्डीस्थान स्वा.चौ, चिसापानी स्वा.चौ., उदीपुर स्वा.चौ., चितिथला स्वा.चौ.) | √( कोशिस) | लमजुङ्ग अस्पताल र ५ वटा स्वास्थ्य चौकीहरु ( बाँझाखेत स्वा.चौ, चण्डीस्थान स्वा.चौ, चिसापानी स्वा.चौ., उदीपुर स्वा.चौ., चितिथला स्वा.चौ.) हरुमा मानसिक स्वास्थ्यको mhGAP तालिम संचालन भई मानसिक स्वास्थ्य सेवा शुरु भएको । |

| नगरपालिका | जिल्ला | mhGAP तालिम प्राप्त स्वास्थ्यकर्मीबाट जनरल ओपिडी सेवा (१०:००-५:००), संस्था खुल्ने प्रत्येक दिन | तालिम प्राप्त मनोविमर्शकर्ताबाट मनोविमर्श सेवा (१०:००-५:००) | कैफियत |
|---|---|---|---|---|
